नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# सवारी साधन अनुमित सम्वन्धि जिल्ला प्रशासन कार्यालय, रसुवाको सूचना।

यस कार्यालयबाट जारी भइरहेको सवारी साधन अनुमती (e-pass) का सम्वन्धमा मिति २०७७।२।१ गते देखि लागु हुने गरी निम्न व्यवस्था कायम हुने भएकाले सबैंको जानकारीका लागी हार्दिक अनुरोध छ।

निम्न :-

१. यस कार्यालयबाट यस अघि जारी भएका सवारी पास (e-pass) हरु २०७७।२।१ गते देखि खारेज गरिएका छन्। यस कार्यालयबाट आज देखि जिल्ला बाहिर जाने वा आउने पास बितरणमा रोक लगाइएको छ।

२. रसुवा जिल्ला भित्र एक स्थानबाट अर्को स्थानमा ढुवानी हुन अत्यावश्यक खाद्यान्न,तरकारी,इन्धन, पानी लगायतका बस्तुहरुका ढुवानी गर्ने मालवाहक सवारी साधनका हकमा यस अघि लागु भइरहेको ब्यवस्था सम्वन्धित वडा कार्यालयको सिफारिशको आधारमा नजिकको सुरक्षा चौंकी/सुरक्षा पोष्टबाट जारी गरिने **"मालबस्तु ढुवानी कार्ड"** का आधारमा आवागमन अनुमती हुनेछ।

३. रसुवाबाट बाहिरी जाने र सवारी पास आवश्यक नपर्ने खाधान्न,तरकारी,कुखुरा,पानी लगायतको ढुवानी गर्ने मालवाहक सवारी साधनलाई सम्वन्धित वडा कार्यालयको सिफारिशको आधारमा नजिकको सुरक्षा चौंकी/सुरक्षा पोष्टबाट जारी गरिने **"मालबस्तु ढुवानी कार्ड"** का आधारमा आवागमन अनुमती हुनेछ।

४. जिल्ला वाहिरबाट रसुवा प्रवेश गर्ने खाधान्न,तरकारी, पानी लगायतको ढुवानी गर्ने सबै मालवाहक सवारी साधनलाई बेत्रावतीमा निसंक्रमण (Disinfection) का साथै सवारी चालक र परीचालकको स्वास्थ्य जाँच गरी हेल्थ डेस्कबाट जारी हुन **"ट्राभल हिस्ट्री कार्ड"** का आधारमा बेत्रावती स्थित सुरक्षा पोष्टबाट जारी हुने नजिकको सुरक्षा चौंकी/सुरक्षा पोष्टबाट जारी हुने **"मालबस्तु ढुवानी कार्ड"** का आधारमा जिल्ला भित्र आवागमन अनुमती हुनेछ।

५. सवारी चालक र परीचालक बाहेक अन्य कुनै पनि ब्यक्ति सवारी साधनमा बस्न पाइने छैन।

६. जिल्ला बाहिरबाट रसुवा आउने सबै सवारी साधनले सम्वन्धित ब्यापारिक निकायको बीलबिजक/मालसामान अर्डर स्लिप/वा सो संग खुल्ने कागजात पेश गर्नुपर्नेछ।

७. जिल्ला भित्रका जुनसुकै सुरक्षा पोष्टमा पनि **"ट्राभल हिस्ट्री कार्ड, ढुवानी कार्ड, बीलवीजक वा अर्डर स्लिप, सवारी चालक लाइसेन्स तथा सवारी साधनको बीलबुक"** वा स्वास्थ्य प्रोटोकल अनुसार प्रयोग भए नभएको विषयमा चेकजाँच हुन सक्नेछ।

८. एम्वुलेन्सका हकमा सवारी अनुमती आवश्यक पर्ने छैन। तर जिल्ला वाहिरबाट रसुवा प्रवेश गर्दा सवारी निसंक्रमण गरिनुका साथै बेत्रावती स्थित हेल्थ डेस्कबाट सवारी चालकको स्वास्थ्य चेकजाँच हुनेछ। सवारी चालकले लाइसेन्सका साथै आफु कार्यरत निकायको परीचय पत्र साथमा राख्नुपर्नेछ।

९. एम्वुलेन्समा बिरामी र कुरुवा बढीमा २ जनासम्म भन्दा बढी संख्यामा यात्रु राख्न पाइने छैन। बिरामी बाहेक अन्य अनधिकृत ब्यक्ति ओसारपसार गरेमा एम्वुलेन्स चालक र निकायलाई कानुन बमोजिम कार्वाही गरिनेछ।

१०. स्वास्थ्य सम्वेदनशिलतालाई ध्यानमा राखि जिल्लाभरका सवारी चालकहरुलाई जिल्ला बिपद ब्यवस्थापन समितिको तर्फबाट पुन: प्रयोग (Re-use) गर्न मिल्ने कपडाको पिपिइ सेट उपलब्ध गराइनेछ।

११. सबै सवारी साधनहरुमा कोभिड-१९ स्वास्थ्य प्रोटोकल अनुसारका न्यूनतम स्वास्थ्य सामग्रीको ब्यवस्था हुनुका साथै प्रयोग गरिएको हुनुपर्नेछ।

१२. जिल्ला भित्रका एक स्थानबाट अर्को स्थानमा जानुपर्ने/यात्रा गर्नुपर्ने भएमा सवारी साधन अनुमती e-pass अनिवार्य लिनुपर्नेछ।

१३. बिशेष परिस्थितिमा यस जिल्लासंगको समन्वयमा बाहिरी जिल्लाबाट जारी हुन सक्ने e-pass बाहेक अन्य सवारी साधनलाई जिल्ला प्रवेशमा निषेध गरिएको छ। समन्वय नै नभइ अन्यत्र जिल्लाबाट e-pass भएका त्यस्ता सवारी साधनलाई रसुवा प्रवेश गर्न दिइने छैन्।

१४. सवारी अनुमती विना सवारी साधन सञ्चालन गरेको पाइएमा तत्काल सवारी साधन नियन्त्रणमा लिई कानूनी कार्वाही गरिनेछ।

०७७।२।१

प्रमुख जिल्ला अधिकारी